नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

(ग्रामिण विकास समन्वय शाखा)

फोन :४२००५११, ४२००३०४
इमेल : lbss-mld@yahoo.com

पत्र संख्याः- ०७२/०७३

चलानी नं.: २.१.१.(२८)

मिति :- २०७३/०२/२४

विषयः- जिविसको कर्मचारीले गाविसको खाता संचालन गर्न नपाउने सम्बन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालय,
७३ वटै (काठमाडौं र भक्तपुर बाहेक) ।

प्रस्तुत विषयमा, गाविसको खाता संचालन सम्बन्धी मन्त्रालयको मिति २०७१।०९।२० च.नं. २.१.१.(४) को पत्र प्राप्त भई व्यहोरा अवगत भएकै छ । सर्लाही लगायत केही जिल्लाहरुमा हाल सम्म पनि उक्त निर्देशनको कार्यान्वयन नभएको भनि जानकारी हुन आएकोले स्मरणार्थ यो पत्र लेख्ने कार्य भएको छ । गाविसको खाता संचालनमा जिविसका कर्मचारी संलग्न रहँदा गाविसको नियमीत काम कार्वाहीमा बाधा परेको, गाविस सचिव बराबर सदरमुकाम जानुपर्दा सेवा ग्राहीलाई मर्का परेको र अनुगमन गर्नुपर्ने निकायका पदाधिकारी खाता संचालनमा संलग्न हुँदा पारदर्शीता, जवाफदेहीता, सहजता, अनुगमन तथा नियन्त्रण र सन्तुलनमा बाधा पुगी वित्तीय सुशासन कायम गर्न कठिनाई परेको भनि विभिन्न सरोकारवालाहरूबाट समेत गुनासो आईरहेको छ । यसर्थ गाविसको खाता संचालनमा जिविसको कर्मचारी संलग्न नभई मिति २०७१।०९।२० च.नं. २.१.१.(४) को पत्र बमोजिम गाउँ विकास समितिहरूको खाता संचालन गर्ने गराउने व्यवस्था हुन पत्रको छायाँ-कपि यसै साथ संलग्न राखी पठाइएको व्यहोरा पुनः अनुरोध छ ।

(डाल विक्रम कँडेल)
शाखा अधिकृत

बोधार्थ:

श्री सूचना तथा विद्युतीय शासन शाखाः मन्त्रालयको website मा राखीदिने व्यवस्था हुन अनुरोध छ ।